संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*
*बैठक स्थगित : १:१८ बजे*

२०७९ फागुन १४ गते, आइतबार

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको नवौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले प्रतिनिधि सभा सदस्य माननीय शहनाज रहमानको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो:-

**<u>शोक प्रस्ताव</u>**

"वि.सं. २०१६ सालमा जन्मनु भएका **प्रतिनिधि सभा सदस्य शहनाज रहमान**को मिति २०७९ साल फागुन १३ गते ६३ वर्षको उमेरमा हृदयाघातका कारण निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

झापा, भद्रपुर निवासी स्वर्गीय रहमान जनता समाजवादी पार्टी नेपालको तर्फबाट २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय शहनाज रहमानप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तदुपरान्त सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावलाई पारित गरिदिनहुन अनुरोध गर्नुहुँदा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित भयो ।

त्यस लगत्तै सभाले स्व. शहनाज रहमानको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन १५ गते सोमबार अपराह्न १२ बजेर ३१ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव